राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३५, चैत २० गते शुक्रबार, २०८२ (3 April, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# संसदमा बादलको 'विवादास्पद' भाषण

## भदौ २३-२४ को विध्वंस, 'नीलो क्रान्ति' र रास्वपाको विजयप्रति गम्भीर टिप्पणी

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का कार्यवाहक अध्यक्ष एवम् संसदीय दलका नेता रामबहादुर थापा 'बादल' ले 'जेन-जी आन्दोलन' का नाममा भदौ २३ र २४ मा गराइएको सार्वजनिक सम्पत्तिको क्षति, भौतिक संरचना तोडफोड एवं आगलागीका घटनाको निष्पक्ष छानविनको जोडदार माग गरेका छन् । प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा बोल्दै प्रतिपक्षी एमालेका नेता बादलले आफ्ना अध्यक्ष ओलीलाई वर्तमान सरकारले राजनीतिक प्रतिशोध साँधेर गिरफ्तार गरेको समेत आरोप लगाए ।





सभाको अध्यक्षता गरिरहेका प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपति कार्यालयबाट प्राप्त संसद बैठक आह्वान र सरकार गठनसम्बन्धी पत्र पढ्न नपाउँदै एमालेका सांसदहरू उभिएर विरोध जनाए । सभाध्यक्ष केसीले पटक-पटक बस्न आग्रह गर्दा समेत नमानेपछि उनले सांसद गुरु बराललाई बोल्न समय दिए । बरालले पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई तत्काल रिहाइ गर्न माग गरेपछि बैठक सञ्चालन भयो । त्यसपछि आफ्नो पालोमा बोल्दै एमालेका दलनेता बादलले निष्पक्ष र प्रभावकारी छानविनको माग गर्दै 'आन्दोलन' का क्रममा भएका हिंसात्मक गतिविधि सुनियोजित रूपमा गराइएको धारणा राखे । प्रतिनिधिसभा सदस्यका लागि फागुन २१ मार्फत निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ठूलो सदस्य संख्यासहित विजयी भएकामा व्यंग्यात्मक रूपमा बधाई दिँदै आफूहरूलाई जनताले सानो दलका रूपमा स्थान दिएको भए पनि चुनौतीको सामना गरेर अघि बढ्ने बताए ।

पहिलो बैठकमा संसदमा प्रतिनिधित्व गर्ने सवै दलका एक-एक र स्वतन्त्र सांसदले शुभकामना मन्तव्य दिए । सोही बैठकलाई सम्बोधन गर्दै बादलले 'भदौ २४ गतेको विध्वंस किन र के उद्देश्यका

क्रमशः अन्तिम पृष्ठमा

# प्रधानमन्त्री बने बालेन्द्र : फरक शैलीमा सपथग्रहण

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका नेता बालेन्द्र शाहले प्रधानमन्त्री पद तथा गोपनीयताको सपथ लिएका छन् । राष्ट्रपति पौडेलले गत शुक्रबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा शाहलाई सपथ गराएका हुन् ।

नेपालको ४३औं प्रधानमन्त्रीका रूपमा शाहलाई राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा, ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरेका हुन् । प्रधानमन्त्रीको सपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, निवर्तमान प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्रीहरूलगायत उपस्थित थिए । समारोहमा संवैधानिक निकायका प्रमुख, सरकारका विशिष्ट श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुख, विभिन्न कूटनीतिक नियोगका पदाधिकारी समेत समेत उपस्थित भए ।

सपथ समारोहमा सात वटा शंख बजाउँदै १०८ 'वटुक' बाट स्वस्तिवाचन तथा १०८ बौद्ध भिक्षु लामाद्वारा शुभमंगल पाठ समेत गराइएको थियो । गत बिहीबार रास्वपाले शाहलाई उक्त दलको संसदीय दलका नेता चयन गरेको थियो । फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा तत्कालीन प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई उनैको गृहजिल्ला र चुनवाी क्षेत्र झापा- ५ मा ठूलो मतान्तरले पराजित गर्दै निर्वाचित भएका शाह आयुर्वेदिक चिकित्सक डा. रामनारायण शाह र ध्रुवादेवी शाहको सन्तानका रूपमा २०४७ वैशाख १४ मा काठमाडौंको नरदेवीमा जन्मिएका थिए ।

पुख्यौंली घर महोत्तरीको एकडारामा रहेका शाह 'र्‍याप' गायकका रूपमा युवामाझ लोकप्रिय थिए । शाहले भारतबाट एमटेक (स्ट्रक्चरल इन्जिनियरिङ) र पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक गरेका छन् । २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा उनी काठमाडौं महानगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए । भदौ २३ र २४ को विध्वंसात्मक 'जेन-जी आन्दोलन' लाई घोषित समर्थन जनाएका उनले माघ ४ मा महानगर प्रमुख पदबाट राजीनामा दिएर प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका थिए ।

दुई दर्जनभन्दा बढी र्‍याप गीत कम्पोज गरेका शाहका सिर्जना भ्रष्टाचारको विरोध तथा सुशासनको अपेक्षा, युवा तथा सामाजिक मुद्धामा बढी केन्द्रित रहेका देखिन्छन् । गीतका माध्यमबाट बेरोजगारी, असमानता, राजनीतिक विकृतिका साथै राज्य प्रणालीमाथि प्रश्न गर्ने शाहमाथि व्यापक भरोसा

क्रमशः अन्तिम पृष्ठमा

# 'सांस्कृतिक आन्दोलनलाई नयाँ ढङ्गले सङ्गठित तथा परिचालित गर्नुपर्छ'

**नेपाली धर्तीमा समाजको आमूल परिवर्तनका लागि लडिएको वर्गसङ्घर्षले साहित्य, कला र संस्कृतिमा कस्तो प्रभाव पारेको थियो । र त्यसले स्थापित गरेको मूल्यलाई चलायमान बनाउन किन सकिएन ? अब त्यसलाई पुनर्ताजगीकरण गर्न कसरी अभियान चलाउनु पर्ला भन्ने ठान्नुहुन्छ ?**

नेपाली समाजको इतिहासमा आमूल परिवर्तनका लागि भएका वर्गसङ्घर्षहरूमा पूर्व नेकपा (माओवादी) द्वारा सञ्चालित जनयुद्ध सबै भन्दा उच्च र प्राथमिक स्थानमा रहेको छ । यो वर्गयुद्ध पुरानो राज्यसत्ताको अन्त्य र नयाँ राज्यसत्ताको स्थापनाका निम्ति सञ्चालित एक महान् ऐतिहासिक अभियान थियो । यसको सबै क्रान्तिकारी नेता, कार्यकर्ता, शुभेच्छुक, परिर्वतनकामी जनसमुदाय सहित सहित्यकार, कलाकार तथा सांस्कृतिककर्मीहरूलाई समेत नयाँ उर्जा तथा उत्प्रेरणा प्रदान गरेको थियो । जनयुद्धकालमा वर्गयुद्धद्वारा उद्घाटित नयाँ यथार्थको उद्‌बोधन, देश, जनता, क्रान्ति तथा मुक्तिप्रति प्रतिबद्धता, नयाँजनवाद, समाजवाद तथा साम्यवादको स्थापनाप्रति निष्ठा, उच्च

### समय- सन्देश

### चैतन्य

प्रकारको त्याग, वीरता, तथा बलिदानी भाव लगायतका क्रान्तिकारी मूल्य-मान्यता विकसित तथा स्थापित हुँदै गएका थिए । यस प्रकारका मूल्य-मान्यता तथा आदर्शमा आधारित रहेर साहित्य तथा कला सहित नयाँ संस्कृतिको निर्माण प्रकिया अगाडि बढेको थियो र त्यसैक्रममा मार्क्सवादी सौन्दर्यशासत्रको आलोकमा जनयुद्धको सौन्दर्यशास्त्र पनि जन्मिएको थियो ।

क्रान्तिले बीचैमा धोका र धक्का खाएकोले विकसित तथा स्थापित हुँदै गएका उक्त प्रकारका मूल्य-मान्यता तथा आदर्श अनुरूप आन्दोलनलाई अगाडि बढाउन सकिएन । यसका पछाडि मुख्यतः दक्षिणपन्थी संशोधनवादी विचलन र साथै क्रान्तिकारीहरूको कमजोर स्थिति जस्ता कारणहरूले पनि काम गरेका छन् । अव ती मूल्य-मान्यता र आन्दोलनको ताजगीकरणका लागि तिनको जगमा टेकेर अर्को नयाँ यर्थाथको उद्घाटन गर्नु पर्दछ र त्यसको निम्ति

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ३५, चैत २० गते शुक्रबार, २०८२

## सम्पादकीय

# ‘नयाँ’ सरकारलाई हार्दिक शुभकामन !

भदौ २३-२४ मा देशभर मच्चाइएको रहस्यपूर्ण विध्वंसलाई कतिपयले ‘विद्रोह’ समेत भनेका छन् भने धेरैले चाहिँ ‘परिवर्तनको आन्दोलन’ को संज्ञा दिएका छन् । यथार्थतः त्यो कुनै राजनीतिक आन्दोलन, सङ्घर्ष वा विद्रोह नभई एकै वर्गका एकथरी प्रतिनिधिहरूबाट सत्ता खोसेर सोही वर्गका अर्काथरी प्रतिनिधिको हातमा पुऱ्याउन गरिएको योजनाबद्ध ‘कु’ थियो भन्ने तथ्य सवै कोणबाट प्रमाणित भइसकेको छ ।

भदौ २३ देखि सुरु भएर फागुन २१ को चुनाव हुँदै बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन हुँदासम्म उक्त राजनीतिक ‘कु’ ले एउटा चक्र वा अध्याय पूरा गरेको छ । जनताले कहीं-कतै र कहिल्यै माग नगरे पनि संसदको विघटन; संविधान र ऐन-कानुनका अनेकौं धारा-दफाहरूले स्पष्टतः निषेध गरेकी पात्रको नेतृत्वमा, ‘गैरदलीय’ सरकारका नाममा शतप्रतिशत एउटा दलकै नेता-कार्यकताहरू समावेश गरी अन्तरिम सरकारको गठन र उक्त सरकारले शंशयपूर्ण वातावरणमा गराएको निर्वाचनबाट प्राप्त नतिजाको पृष्ठभूमिमा गठित ‘नयाँ’ सरकारले ‘परिवर्तन’ का नाममा असंवैधानिक, गैरकानुनी र राष्ट्र तथा जनताविरोधी गतिविधि तीव्र पार्न सक्ने सन्त्रास सरकार तथा सरकारी दलसम्बद्ध विभिन्न व्यक्तिहरूका निरन्तरको अभिव्यक्तिले फैलाइरहेको को छ ।

संविधानवमोजिम गठित वर्तमान सरकार संविधान र कानुनप्रति प्रतिबद्ध भएरै क्रियाशील हुनु पर्दछ । यसबीचका राजनीतिक घटनाक्रमहरू केवल दुर्घटना हुन्, कुनै राजनीतिक परिवर्तन होइनन् भन्ने यथार्थतालाई सरकारी व्यक्तिहरूले हृदयङ्गम गरून्; अनावश्यक उपद्रव गर्नेतिर नलागी यथासम्भव राष्ट्र र जनताको हितार्थ समर्पित बनून् । हार्दिक शुभकामना !

## सांस्कृतिक आन्दोलन...

आवश्यक तयारी गर्नु पर्दछ। यो तयारी सैद्धान्तिक, राजनीतिक तथा साङ्गठनिक हरेक क्षेत्रमा हुनुपदर्छ र यसका लागि सांस्कृतिक आन्दोलनलाई नयाँ ढङ्गले सङ्गठित तथा परिचालित गर्नुपर्दछ।

**जनयुद्धले उठाएको विषयमा स्रष्टा सर्जकहरूबाट थुप्रै कविता, कथा, गीत, संस्मरण, निबन्ध जस्ता साहित्य त लेखिए तर उपन्यास/महाकाव्यमा चित्त बुझ्दो लेखन भएन भनिन्छ यसबारे के भन्नुहुन्छ ? के उपन्यास र महाकाव्य लेख्न विशिष्ट क्षमताको आवश्यकता पर्ने हो या अरू कुनै कारण देख्नुहुन्छ ?**

जनयुद्धद्वारा उद्धाटित नयाँ यथार्थमा आधारित रहेर साहित्यका क्षेत्रमा कविता, कथा, संस्मरण लगायतका विधाहरू जुन रूपमा निर्मित भए त्यसै हिसावले उपन्यास र महाकाव्यको रचना हुन सकेन। यो कुरा मुलतः सत्य नै हो। जहाँसम्म विशिष्ट क्षमताको कुरा हो त्यो त सबै विधाहरूमा आवश्यक पर्दछ। उपन्यास र महाकाव्यका सन्दर्भमा भन्नुपर्दा तिनका लागि विशिष्ट क्षमताका साथै साधना र धैर्यको पनि बढी आवश्यकता पर्दछ।

**अहिले पठन संस्कृति खस्कादै जानु र प्रगतिवादी साहित्य-कला क्षेत्रमा नयाा पुस्ताको उत्साहजनक सहभागिता नहुनुका कारण के देख्नुहुन्छ ?**

हो, पठन सांस्कृति खस्कँदै गएको छ। जहाँसम्म प्रगतिवादी साहित्य-कलाका क्षेत्रमा नयाँ पुस्ताको उत्साहजनक सहभागिता नहुनुको कारणको प्रश्न हो, त्यसका पछाडि मूलतः सांस्कृतिक साम्राज्यवाद, दक्षिणपन्थी संशोधनवाद र फेसबुके संस्कृतिले काम गरेका छन् । त्यसका साथै नयाँ पुस्तालाई प्रोत्साहित गर्ने यथेष्ट वातावरणको अभाव, आवश्यक उत्प्रेरणाको कमी, स्वयम् नयाँ पुस्ताका अधिकता लेखक-कलाकारहरूको रुचिको विकासको स्तर जस्ता कारणहरूले पनि काम गरेका छन् ।

**जनयुद्धले धक्का खाएपछि नेपाली बजारमा माओवादी जनयुद्धलाई विद्रूपीकरण गरिएका संस्मरण तथा आख्यानहरू आएका छन्, यसको कारण के देख्नुहुन्छ ? के वैश्विक अवस्थामा पनि यस्तै हुन्छ ? त्यस्ता कृतिहरूको समाजवादी यथार्थवादी कोणबाट समीक्षा/समालोचनाको कमी देखिन्छ । यसबारे हाम्रा कवि, लेखक/समालोचकको दायित्वबारे के भन्नुहुन्छ ?**

जनयुद्धले धक्का खाए यताको अवस्थामा नेपाली बजारमा जनयुद्धको विद्रूपीकरण गरेर संस्मरण, आख्यान निर्माण गरिनुको पछाडि प्रतिक्रान्ति नै मूल कारण रहेको छ। यो कुरा नेपाल मात्र होइन विश्वका विभिन्न मुलुकहरूका सन्दर्भमा पनि सत्य हो। जनयुद्धको विद्रूपीकरण गरिएका कृतिहरूको समाजवादी यथार्थवादी कोणबाट समीक्षा गर्ने काम ... रूपमा अगाडि बढ्न सकेको छैन। यो विचारधारात्मक सङ्घर्षको क्षेत्रमा रहेको कमी वा सीमा हो। यसबारे मार्क्सवादी समालोचकहरू बढी सजग तथा क्रियाशील बन्न र समालोचकीय दायित्व संवहन गर्न गम्भीर हुनुपर्दछ।

**जब जब प्रतिरोधी आन्दोलन कमजोर हुन्छ कला साहित्य पनि भुत्ते हादै जाने रहेछ। अहिलेको खण्डित वाम आन्दोलनभित्र सांस्कृतिक आन्दोलनको मोर्चा कसरी निर्माण गर्न सकिएला ?**

प्रतिक्रियावादी विरुद्धको प्रतिरोधी आन्दोलन कमजोर बनेको स्थितिमा प्रगतिशील साहित्य-कलाको रचनात्मक काम पनि कमजोर नै हुने गर्दछ। तर, स्थितिको यो एउटा पाटो हो। अर्कोतिर त्यस प्रकारको स्थितिमा पनि प्रगतिशील कलाकृति रचिने गर्दछन् र तिनले प्रतिरोधी आन्दोलनलाई आवश्यक ऊर्जा प्रदान गर्दै क्रान्तिको तयारीमा महत्त्वपूर्ण भूमिका खेल्दछन्।

विभिन्न धारामा विभाजित अवस्थामा रहेको वामपन्थी आन्दोलनमा सांस्कृतिक आन्दोलनको मोर्चा बनाउन निकै अप्ठेरो हुन्छ। तरपनि प्रगतिशील शक्तिहरू बीचमा सोपेक्ष रूपमा त्यस्तो मोर्चा बनाउन सकिन्छ र बनाउनु पनि पर्दछ। तर, त्यसो गर्दा विचारधारात्मक सङ्घर्षलाई भने ओझेलमा पर्न दिनुहुँदैन।

**नेपालको प्रगतिवादी साहित्यले पचासको दशकदेखि यसको प्रतिध्रुवीय धारालाई पछाडि पार्दै केन्द्रमा स्थापित हुन पुगिसकेको अवस्थामा अहिले सुधारवादी/संशोधनवादी कथित वाम शक्तिहरू सत्तामा पुगेपछि पुनः प्रतिध्रुवीय धारामै वामशक्ति रमाउन थालेको देखिन्छ यस्तो अवस्थामा प्रगतिवादी साहित्यलाई अझै बढी प्रभावकारी बनाउन कसरी सकिएला ?**

पचासको दशक यता प्रतिध्रुवीय धारालाई पछाडि पार्दै प्रगतिवादी धारा पक्कै पनि केन्द्रमा स्थापित हुन पुगेको हो र कैयौं अर्थमा अहिले पनि पुगेकै छ। तर, नेपाली कम्युनिस्ट आन्दोलन विभाजित भएको र त्यसको एउटा ठूलो हिस्सा सुधारवादी संशोधनवादी बाटो पकडी प्रतिध्रूवीय धारामा समाहित हुन पुगेको अहिलेको अवस्थामा प्रगतिवादी धारालाई प्रभावकारी बनाउन निकै कडा परिश्रम गर्नुपर्दछ। त्यसका लागि एकातिर प्रगतिवादी साहित्यकारहरूका बीचमा सुदृढ विचारधारात्मक एकता कायम गर्नुपर्दछ भने अर्कोतिर विषयलाई अत्यन्तै गम्भीरतापूर्वक ग्रहण गरी क्रान्तिकारी उत्साह र लगनशीलताका साथ सिर्जनात्मक कार्यमा सक्रिय बन्नुपर्दछ। साथै यस धाराका उदीयमान पुस्तालाई उत्प्रेरित तथा प्रोत्साहित गर्ने तर्फ पनि आवश्यक दृष्टि दिनुपर्दछ।

**अहिलेको आन्दोलन जातीयता, क्षेत्रीयता र नारीवादतिर गएको देखिन्छ। के यसले वर्गसङ्घर्षलाई निस्तेज त बनाउदैन ? यी पृथक् आन्दोलनलाई वर्गसङ्घर्षको मूलधारमा कसरी केन्द्रीकरण गर्न सकिन्छ ?**

यद्यपि वर्तमान नेपाली राजनीतिक आन्दोलनमा जातीयतावादी, क्षेत्रीयतावादी तथा नारीवादी विचलन प्रचुरमात्रामा देखा पर्दै आएका छन् र यिनलाई साम्राज्यवादले मलजल प्रदान गरिरहेको छ। उत्तरआधुनिकतावादका पक्षधरहरूले जातीयमुक्ति, क्षेत्रीयमुक्ति र नारीमुक्ति आन्दोलनलाई वर्गसङ्घर्षबाट अलग्याउनका लागि सक्दो कसरत गर्दै आएका छन्। परन्तु ठीक यहींनेर के पनि बुझ्न जरुरी छ भने सच्चा मार्क्सवादीहरूले यस प्रकारका गलत चिन्तनका विरुद्ध यथेष्ट सङ्घर्ष चलाउँदै आएका पनि छन्। साथै, नेपालमा जातीय तथा क्षेत्रीय मुक्ति आन्दोलन भन्ने वित्तिकै तर्सिने प्रवृत्ति पनि प्रचुर मात्रामा छ र त्यसका विरुद्ध पनि सङ्घर्ष गर्नु पर्दछ। जातीय, क्षेत्रीय तथा नारीमुक्ति आन्दोलनलाई वर्गीयमुक्ति आन्दोलनसित नजोडीकन क्रान्ति सम्भव छैन।

**अहिलेको वैश्विक सांस्कृतिक आन्दोलनलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

वर्तमान वैश्विक, सांस्कृतिक आन्दोलको मूल्याङ्कन गर्ने काम सरल होइन, जटिल प्रकारको छ। तर पनि के भन्न सकिन्छ भने आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग भएकोले अहिलेको वैश्विक सांस्कृतिक आन्दोलन पनि साम्राज्यवादको विरोध र सर्वहारा अन्तर्राष्ट्रियतावादको पक्षमा रहेको छ। विभिन्न देशहरूमा चल्दै आएका जनवादी, राष्ट्रियमुक्ति र समाजवादी आन्दोलन वैश्विक सांस्कृतिक आन्दोलनसित जोडिएका छन्। विश्वस्तरमा दक्षिणपन्थी संशोधनवाद साम्राज्यवादको पुच्छर बन्दै आएको स्थितिमा वैश्विक सांस्कृतिक आन्दोलन पनि साम्राज्यवादका साथै दक्षिणपन्थी संशोधनवादका विरुद्ध समेत परिलक्षित बन्न गएको छ। सर्वहारावादी सांस्कृतिक आन्दोलन सम्रग सामाजिक रूपान्तरण सहित वैज्ञानिक समाजवाद हुँदै साम्यवादको आर्दश प्राप्तिको दिशातर्फ प्रवाहमान रहेको छ। तर, यो कमजोर छ र यसलाई प्रभावकारी बनाउन जरुरी छ। यस निम्ति यस प्रकारको आन्दोलनलाई मार्क्सवाद-लेनिनवाद-माओवाद र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको आलोकमा सङ्गठित तथा सञ्चालित गर्न आवश्यक छ।

**आर्थिक, राजनीतिक र सांस्कृतिक दृष्टिले नेपालको वर्तमान अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

सामाजिक आर्थिक रूपमा अहिले नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक विशेषता सहित नवऔपनिवेशिक अवस्थामा छ। देशको राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवादकै हातमा छ र शासनसत्ता लोकतन्त्रात्मक गणतान्त्रिक संसदीय प्रणालीमा आधारित छ। अहिले सत्ता पश्चगामी, यथास्थितिवादी र कम्युनिस्ट नामधारी संशोधनवादीहरूद्वारा सञ्चालित हुँदै आएको छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या झनै विकराल बन्दै गएका छन्। देशको अर्थतन्त्रमा साम्राज्यवादी नवउदारवादको प्रभुत्व छ। भ्रष्टाचार, अन्याय, अत्याचार सीमाहीन बन्दै गएका छन्। गाउँमा जग्गा जमिन बाँझै पल्टिएका छन्, रोजगारीको खोजीमा युवा शक्तिको अत्यत्तै विशाल हिस्सा विदेशिएको छ। र, देशको अर्थतन्त्र विप्रेषणले धानिएको छ। यसैमा सरकारले गर्व गर्दछ र त्यसले जनताका कुरा सुन्दैन। सत्ता र सरकारको फासिवादीकरण हुँदै गएको छ। एकातिर सत्ताधारी तथा संसदवादी दलहरूमा अन्तर्कलह चुलिँदै गएको छ भने अर्कोतिर ती दलहरूप्रति जनतामा असन्तुष्टि, आक्रोश र वितृष्णा व्याप्त भइरहेको छ। वस्तुतः देश सङ्कट उन्मुख बन्दै गएको छ। सामाजिक रूपान्तरणका लागि वस्तुस्थिति तयार बन्दै जान थाले पनि आत्मगत अवस्था भने कमजोर नै छ। यो वेला सच्चा कम्युनिस्ट शक्तिलाई गोलबन्द गरी क्रान्तिको तयारीमा लाग्न जरुरी छ।

**मार्क्सवादी आधार र उपरिसंरचनामाथि उत्तर-आधुनिकतावादी चेतना हावी हादै आएको पछिल्लो अवधिलाई कसरी निस्तेज गर्न सकिएला ?**

आर्थिक आधारको भूमिकालाई अत्यन्तै न्यून र राजनीति लगायत उपरिसंरचनाका विभिन्न तत्त्वहरूको भूमिकालाई सदैव प्रधान बताउँदै उत्तरआधुनिकतावादले मार्क्सवादमाथि आक्रमण गर्दै आएको छ। परन्तु त्यसलाई निस्तेज पार्नका लागि मार्क्सवादीहरूले राजनीति, विचारधारा र संस्कृतिका क्षेत्रमा सशक्त सङ्घर्ष चलाउँदै आएका छन्। उत्तरआधुनिकतावाद मरणासन्न साम्राज्यवादी विचारधारा हो र त्यसका विरुद्ध अझै सशक्त र प्रभावकारी विचारधारात्मक सङ्घर्ष चलाउनु पर्दछ।

**तपाईं लामो समय स्वास्थ्य समस्यामा रहनु भएर पनि सिर्जन क्षेत्रमा क्रियाशील हुनुभएको भन्ने बुझिएको छ, कुनै कृतिको तयारीमा त होइन ?**

फाट्टफुट्ट रूपमा केही त लेख्ने गरेको छु। तर, त्यसभन्दा बढी केही सोचेको छैन।

**समाजवादी यथार्थवादी समालोचनाको वर्तमान अवस्था कस्तो देख्नु हुन्छ ?**

पुराना, प्रौढ तथा नयाँ पुस्ताद्वारा लिखित जे जति कृतिहरू प्रकाशमा आएका छन् ती सबैमाथि दृष्टि दिँदा अहिलेको अवस्थामा पनि यथार्थवादी समालोचना सापेक्ष रूपमा उर्वर र समृद्ध नै देखिन्छ। तर यतिलाई पर्याप्त ठानेर सन्तुष्ट भने हुनु हुन्न। यो बेला यस धाराका समालोचकहरूले विभिन्न प्रकारका चुनौतीहरूको सामना गर्न र यस धारालाई अझै माथि उठाउन आआफ्ना साधना तथा क्रियाशीलतालाई सशक्त ढङ्गले अगाडि बढाउनु पर्दछ।

**तपाईं मार्क्सवादी समालोचक एवम् सौन्दर्यचिन्तक हुनुहुन्छ। मार्क्सवादी समालोचनाका मुख्य चुनौतीहरू के के हुन् भन्ने ठान्नुहुन्छ ?**

मार्क्सवादी समालोचनाका चुनौती वा समस्या विभिन्न ढङ्ग र स्तरका देखिन्छन्। यस सन्दर्भमा मुख्य चुनौती एकातिर उत्तरआधुनिकतावाद र अर्कोतिर दक्षिणपन्थी संशोधनवादबाट रहेको छ। यो वाह्य चुनौती हो र यसका विरुद्ध अझै सशक्त रूपमा विचारधारात्मक सङ्घर्ष चलाउनु पर्दछ। आन्तरिक चुनौती वा समस्याका रूपमा भन्नुपर्दा स्वयम् मार्क्सवादी समालोचकहरूमा विद्यमान लेखकीय ऊर्जालाई आवश्यकता अनुसार प्रस्फुटित गर्नमा केही सीमा वा सुस्तता देखापर्नु हो। यस अतिरिक्त ऊर्जाशील नयाँ समालोचकहरूको... पङ्क्ति तयार पार्ने, अध्ययन तथा लेखनमा उनीहरूको रुचि जगाउने र उनीहरूलाई उत्प्रेरित तथा प्रोत्साहित गर्ने काममा पनि आवश्यक दृष्टि दिन सकिएको छैन। हामीले योजनाबद्ध र गम्भीर रूपमा यसप्रकारका चुनौतीहरूको सामना गर्दै जानु पर्छ। मार्क्सवादी समालोचनाको भविष्य अत्यन्तै समुज्ज्वल छ। धन्यवाद!

- *प्रवर्तक*- ९ बाट

# चुनावमार्फत रास्वपा : उत्साहको परिणाम होइन, वितृष्णाको विस्फोटन

**सामयिक समीक्षा**

पेशल मिश्र

नेपालमा फागुन २१ गते सम्पन्न भएको आमनिर्वाचनले मुलुकको राजनीतिक समीकरण नै बदलिदिएको छ। यस निर्वाचनले नेपाली कांग्रेस, नेकपा (एमाले) जस्ता परम्परागत राजनीतिक शक्तिलाई प्रचुर मात्रामा खुम्च्याइदिएको छ भने जातीय तथा क्षेत्रीय पहिचानका मुद्दा उठाउने पुराना राजनीतिक शक्तिहरूलाई पाखा लगाइदिइएको छ।

सबैभन्दा अभूतपूर्व र आश्चर्यको विषय यो छ कि यस निर्वाचनले २०१५ सालपछि भएका निर्वाचनमा पहिलो पटक कुनै एक राजनीतिक दललाई अभूतपूर्व ढङ्गले लगभग दुई तिहाइको बहुमत दिएको छ। लोकतान्त्रिक शासन व्यवस्थामा जनताको अभिमत नै अन्तिम निर्णय हुने हुँदा सामान्य अवस्था रहिरहेमा आगामी पाँच वर्षका लागि राष्ट्रिय स्वतन्त्र पार्टी सत्ता सञ्चालनको एक मात्र हकदार हुनेछ।

परम्परागत राजनीतिक दलहरूको यस हदसम्मको शक्ति क्षयीकरण हुनु तथा नयाँ राजनीतिक शक्तिको उदय हुनुमा विविध कारणहरू छन्। त्यसमध्ये ०४७ सालपछिको प्रजातन्त्र पुनर्स्थापना पछि आशातीत उपलब्धि हुन नसक्नु नै प्रमुख कारकतत्त्व हो। ३५ वर्षको अवधिमा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकाल बाहेक कांग्रेस, एमाले तथा तत्कालीन माओवादी नै सत्ता सञ्चालनको नेतृत्वमा रहँदै आएका थिए।

एक अर्थमा भन्नुपर्दा नेपालको शासकीय सत्ता यिनीहरूकै वरिपरि घुमिरहेको थियो। यस अवधिमा उदार अर्थनीति अपनाएर केही हदसम्म अर्थतन्त्र चलायमान गर्न खोजेतापनि आम नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार ल्याउन त्यो पर्याप्त थिएन।

पूर्वाधार निर्माण, सडक सञ्जाल विस्तारजस्ता विकासका गतिविधिहरू अघि बढेतापनि त्यो प्रक्रिया निकै सुस्त थियो। राज्यका अधिकांश निकाय भ्रष्टाचार, कमिसन तथा आर्थिक अनियमिततामा लिप्त थिए। भ्रष्टाचार तथा आर्थिक अनियमितताको छानबिन गर्ने निकायहरूमा राजनीतिक भागबन्डाको आधारमा नियुक्ति हुने प्रचलन थियो।

यसैबीच, २०६२/०६३ मा भएको जनआन्दोलन तथा पृष्ठभूमिको सशस्त्र द्वन्द्वको बलमा मुलुकमा ठुलो राजनीतिक परिवर्तन भएको थियो। यी दुवै विद्रोहको जोडबलमा मुलुकमा गणतान्त्रिक शासन व्यवस्था, संघीयता तथा धर्मनिरपेक्षता जस्ता प्रगतिशील एजेण्डाहरूलाई नयाँ संविधानमा समावेश गरिएको थियो। यस आन्दोलनले समावेशी तथा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरेको थियो।

फलस्वरूप ०७२ सालमा नेपालको इतिहासमै प्रगतिशील संविधान जारी भएको थियो भने विधिवत् रूपमा नेपालमा शाहवंशको अन्त्य भएको थियो। तर पनि, यो प्रगतिशील व्यवस्थालाई राजनीतिका प्रमुख दलहरूले आफैले नियन्त्रणमा लिँदै त्यसको प्रतिफल आम नागरिकमा वितरण गर्न चुकिरहेका थिए।

संसदीय व्यवस्थाको सामान्य सिद्धान्त अनुसार प्रमुख राजनीतिक शक्तिमध्ये एकले सरकारको नेतृत्व गर्ने तथा अर्को शक्तिले प्रमुख प्रतिपक्षको स्थानमा रहेर सरकारलाई उचित कार्यसम्पादन गर्नका लागि दबाब दिइरहने भन्ने हुन्छ। तर, ०८० मा नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार बनेपछि संसदीय व्यवस्थाको सामान्य सिद्धान्तको समेत उल्लङ्घन भएको थियो।

संविधान संशोधनको प्रमुख उद्देश्य राखेर गठन भएको बलियो सरकारले संविधान संशोधनसम्बन्धी सामान्य प्रक्रिया पनि सुरु गरेको देखिएन। यो सरकारले जनजीविकाको पक्षमा केही उपलब्धिमूलक कार्य गरेन बरु आफ्नो सत्ताको स्थायित्वमा मात्र केन्द्रित रहिरह्यो। प्रमुख राजनीतिक दलका शीर्ष नेतृत्वप्रति जनताको निराशा चरमसीमामा पुगेको थियो।

सरकारको नेतृत्व फगत पूर्वप्रधानमन्त्रीको म्युजिकल चेयरमा रूपान्तरित भएको थियो। यसैबीच भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलन नै यस निर्वाचन परिणामको निर्णायक विन्दु हुन पुग्यो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको अहंकार, गैरजिम्मेवार अभिव्यक्तिले पनि उक्त आन्दोलनलाई थप उत्तेजित बनाएको थियो। आपत्कालीन सुरक्षा व्यवस्था सरकार प्रमुखको पूर्ण नियन्त्रणमा नभए तापनि सरकार प्रमुखले भदौ २३ गते निहत्था विद्यार्थीमाथि भएको नरसंहारप्रति जिम्मेवारी लिई उनले समन्वयकारी भूमिका निर्वाह गरेको भए त्यतिखेरको अवस्थाले अर्कै मोड लिन सक्थ्यो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका गैरजिम्मेवार कार्यलाई समर्थन गर्ने उनका त्यसबेलाका राजनीतिक सारथि शेरबहादुर देउवा पनि जेनजी आन्दोलन निम्त्याउन उत्तिकै जिम्मेवार छन्। शेरबहादुर देउवा आफ्नो आउँदै गरेको प्रधानमन्त्री पदप्रति यति आसक्त थिए कि उनी केपी शर्मा ओलीले गरेका जस्तासुकै कदमलाई पनि साथ दिइरहेका थिए।

यसबीच, राजनीतिक पार्टीहरूभित्र आन्तरिक लोकतन्त्र सुदृढीकरण तथा रूपान्तरण र पुस्तान्तरणको व्यापक बहस भएकै हो। प्रमुख राजनीतिक शक्ति नेपाली कांग्रेसले विशेष महाधिवेशनमार्फत गगन थापाको सभापतित्त्वमा नयाँ नेतृत्व गठन गरेपछि राजनीतिक रूपमा आशाको रक्तसञ्चार भएको थियो। नेपाली कांग्रेसको नेतृत्वमा परिवर्तन भए तापनि कम्युनिस्ट पार्टीहरूमा पुरानै नेतृत्वको दबदबा रहिआयो।

फलस्वरूप, नेपाली कांग्रेसमा नेतृत्व परिवर्तन भए पनि अन्य पार्टीहरूमा पुरानै नेतृत्व रहेकाले पनि मतदाताहरूमाझ समग्र पुराना राजनीतिक दलप्रति कुनै रुझान देखिएन। कांग्रेसमा भएको नेतृत्व परिवर्तनले आशातीत परिणाम नल्याएको भए तापनि केही हदसम्म सकारात्मक सुधार भएको मत परिणामबाट आँकलन गर्न सकिन्छ।

जनतामा जागृत चरम निराशा र असन्तुष्टि कतै न कतै अभिव्यक्त हुने सङ्केत अघिल्लो २०७९ को निर्वाचनमै देखिएको थियो। काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख बालेन शाहलाई जनताले असन्तुष्टिको विम्बका रूपमा लिइरहेका थिए। काठमाडौं महानगरपालिका प्रमुख हुँदा औसत प्रदर्शन गरेका व्यक्तिलाई समाजको ठूलो तप्काले चाहिनेभन्दा बढी बजारीकरण गरिरहेको थियो। भलै उनले कार्यकालको प्रारम्भमा केही प्रयास चाहिँ गरेका थिए। अर्कोतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले मुलुकका दूरदराजसम्म आफ्नो सङ्गठन विस्तार गरिरहेको थियो।

जेनजी आन्दोलनलाई समेत सत्ता उल्ट्याउने र हत्याउने एउटा कोसेढुङ्गाका रूपमा प्रयोग गरियो। रास्वपा र काठमाडौं महानगरपालिकाका मेयर दुवैले जेनजी आन्दोलनलाई प्रयोग गरेर जनताको असन्तुष्टिलाई पुँजीकृत गर्ने प्रयास गरे अनि समाजको एउटा ठूलो तप्काले सहजै निर्वाचनमा जनअभिमत प्रदान गरेर त्यस प्रयासलाई सफल तुल्याइदिए।

रास्वपाका अध्यक्ष रवि लामिछानेको सहकारी मुद्दा प्रकरणमा केही हदसम्म राजनीतिक प्रतिशोध भएकै थियो तर यस पार्टीका समर्थक तथा शुभचिन्तकले उक्त घटना राजनीतिक प्रतिशोध मात्र थियो र रवि लामिछाने निर्दोष हुन् भन्ने भाष्य स्थापित गरे, जसलाई आम नागरिकले पनि निर्वाचनमार्फत अनुमोदन गरिदिए।

मुद्दा दर्ता तथा अभियोजन गर्दा केही हदसम्म राजनीतिक पूर्वाग्रह राखिए तापनि अदालती प्रक्रियामा गइसकेपछि कानुनी शासनमा कानुनी प्रक्रियाअनुसार नै मुद्दाले किनारा पाउँछ भन्ने सामान्य हेक्का पनि नराखी आम नागरिक स्वयंले लामिछानेलाई सफाइ दिएजस्तो पनि देखिन्थ्यो–। यसरी, अदालतबाट पुर्पक्षका लागि थुनामा पठाइएको, बिगोसहितको धरौटी बुझाएर छुटकारा दिइएको व्यक्तिको समेत देवत्वकरण गरियो।

कानुनको सामान्य सिद्धान्तअनुसार अदालतमा मुद्दाको विषयवस्तुमा अभियुक्तले एक प्रकारको अभिव्यक्ति दिइसकेपछि त्यही मुद्दामा अर्को अभिव्यक्ति दिन नपाइने प्रावधान छ। यसले गर्दा रवि लामिछानेले अदालतले तोकेको बिगो तिर्न सहमत छु भनेर दिएको अभिव्यक्ति आफ्नो गल्ती कबुल गरेको अवस्था हो। अब उनले कानुनतः अर्को फरक अभिव्यक्ति दिन सक्दैनन् तर यस्ता कानुनी प्रक्रियालाई पनि उनकै पक्षमा एकोहोरो प्रचार गरेर परिवर्तनको अभिलाषामा उनीहरूलाई नै नायक बनाइयो।

समग्रमा नेपालमा परिवर्तनशील मतको धेरै भार रहेकाले जनताले यस निर्वाचनमा पुराना शक्तिलाई मत नदिई नयाँ शक्तिलाई जाँच्ने मौका दिएको देखिन्छ। जेनजी आन्दोलनका सबै पक्षको सूक्ष्म अनुसन्धान नगरी त्यसको सबै दोष पुराना शक्ति र त्यसको सबै जस नयाँ शक्तिमा केन्द्रित गरियो। त्यसो त नेपाली समाज सधैं केही व्यक्ति तथा पक्षको देवत्वकरण गरिरहेको हुन्छ भने अर्को व्यक्ति या पक्षलाई दानवीकरण गरिरहेको हुन्छ।

यसपटक यो देवत्वकरण र दानवीकरणको चिठ्ठा क्रमशः नयाँ र पुराना दलहरूलाई पर्न गयो। यी दुई वर्गीकरणमा तिनका शीर्ष नेतृत्वहरू पर्न गए। पुराना राजनीतिक दलले सबै गलत काम मात्र गरेका छन् र नयाँ शक्तिले छोटै अवधिमा पनि उल्लेख्य रूपमा धेरै कुराहरू पूरा गर्न सक्छन् भन्ने भाष्य स्थापित गरियो।

अहिलेको बढ्दो सूचना प्रविधि र अल्गोरिदमको प्रभावमा यस भाष्यलाई गाउँ-गाउँ दूरदराजसम्म पुऱ्याउने उनीहरूको रणनीति पूर्ण सफल भयो। आम जनतालाई पार्टीका घोषणापत्र, आदर्श सिद्धान्तभन्दा पनि शासकीय कार्यसम्पादनमा व्यापक सुधार चाहिएको थियो, जुन कुरा परम्परागत राजनीतिक शक्तिले पूरा गर्न ढिला भइरहेको समयमा नयाँ शक्तिबाट त्यसको अपेक्षा राख्दै आफ्नो मत परिवर्तन गरेको आभास हुन्छ। तसर्थ, यो निर्वाचन परिणाम नयाँ शक्तिसँगको उत्साहको परिणामभन्दा पनि पुरानाप्रतिको वितृष्णाको प्रस्फुटन जस्तो देखिन्छ।



# ‘एमसीसी’ खारेजीको माग

**काठमाडौं ।** पहिलो पटक प्रतिनिधिसभा सदस्यको निर्वाचनमा भाग लिएर संसदको पाँचौं दल बनेको श्रम संस्कृति पार्टी (श्रसंपा) का अध्यक्ष हर्कराज राई साम्पाङले अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौता खारेज गर्न माग गरेका छन् । बिहीबार बसेको प्रतिनिधिसभाको पहिलो बैठकलाई सम्बोधन गर्दै उनले एमसीसी सम्झौता खारेजीको माग गरेका हुन् ।

अध्यक्ष राईले देशको स्वाधीनता, भूराजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीतिको संरक्षणका लागि एमसीसी परियोजना खारेजी गर्नुपर्नेमा जोड दिएका छन् । कुनै पनि असमान र राष्ट्रघाती व्यापारिक सन्धि स्वीकार्य नहुने बताएका उनले एमसीसी सम्झौता सैन्य रणनीतिक उद्देश्यसहित अघि बढाइएको दावी गर्दै तत्काल खारेज गर्न सरकारको ध्यानाकर्षण गराए । ‘देशको स्वाधिनता, भूराजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीतिलाई बचाइराख्न, सैन्य रणनीति उद्देश्यका साथ सुरु गरिएको असमान, राष्ट्रघाती व्यापारिक सन्धि सम्झौता एमसीसीलाई खारेज गर्नुपर्छ भनेर म माग गर्न चाहनछु’ राईले भने ।

‘सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकहरूले गरिरहेको गतिविधिलाई सक्रिय रूपमा नेपाल सरकारले निगरानी राख्नुपर्दछ र संयुक्त राष्ट्र संघमार्फत नेपालको सीमाना यकिन गरी त्यसको रक्षार्थ नेपाली सेनालाई खटाउनुपर्छ भन्ने म माग राख्न चाहन्छु ।’ सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकहरूको गतिविधि बढ्दै गएको तर्फ सरकारलाई ध्यानाकर्षण गराउँदै त्यसतर्फ सरकार गम्भीर भएर लाग्नुपर्ने अध्यक्ष राईको माग थियो ।

# पुख्यौंली नाच जोगाउँदै म्याग्दीका पुनमगर समुदाय

**काठमाडौं ।** म्याग्दीका ग्रामीण भेगमा बसोबास गर्ने पुनमगर समुदायका ज्येष्ठ नागरिकले अग्रज कलाकारले जोगाउँदै ल्याएको पुख्यौंली नाच संरक्षण र प्रवर्द्धनमा युवापुस्ता जुटेका छन् ।

जिल्लाको रघुगंगा गाउँपालिका–७ चिमखोलाका १३ वर्षीय अमनपराइ पुन पुख्यौंली नाचमा सहभागी हुन थालेका छन् । चिमखोलास्थित अमर माविमा कक्षा ७ मा अध्ययनरत पुनले गाउँमा आयोजना हुने पुख्यौंली नाचमा मारुनीको भूमिकामा आफूलाई प्रस्तुत गर्दै आएकी हुन् । अग्रजबाट नाच सिकेपछि उनले पुख्यौंली समूहसँगै जोडिएर आफ्नो कलाकारितालाई अगाडि बढाउँदै आएको जानकारी दिए । चिमखोलामा अहिले चार जना नयाँ कलाकार पुख्यौंली समूहमा जोडिएका छन् ।

अमनसँगै ११ वर्षीय नविन पुन, १० वर्षीय आर्नलपहरे पुन र १६ वर्षीय रोहन गर्बुजाले पुख्यौंली नाचअन्तर्गत मादले र मारुनीको भूमिकामा प्रस्तुति दिँदै आएका छन् । युवापुस्ता शिक्षा, रोजगारीलगायतको खोजीमा बाहिर जाँदा गाउँमा पुख्यौंली कला, संस्कृतिको संरक्षण र पुस्तान्तरणमा समस्या हुन थालेपछि ज्येष्ठ नागरिकले नयाँ पुस्तालाई समूहमा सहभागी गराएर नाच देखाउन थालिएको पुख्यौंली समूहका मादलेरोहन गर्बुजाले बताए । ‘आफ्नो पुर्खाले सुरु गरेका संस्कृतिलाई निरन्तरता दिन पाउँदा गौरवको अनुभूति हुने गरेको छ’ गर्बुजाले भने । उनले नयाँ र युवापुस्ताका कलाकारले फुर्सदको समयमा विद्यालय तथा समुदायका विविध गतिविधिमा पुख्यौंली नाचको अभ्यास गर्दै आएका बताए ।

गाउँमा हुने उत्सव, मेला पर्व र पूजाआजामा ज्येष्ठ नागरिकले पुख्यौंली नाचका साथै परम्परागत कला, संस्कृतिका विविध गतिविधि सञ्चालन गर्दै आएकामा पछिल्लो समय युवापुस्ताको सहभागिता बढाउन पहल थालिएको गर्बुजाले बताए । उनले पुख्यौंली नाचका लागि कम्तिमा चार जना मादले र मारुनीसँगै सोरठी भाकामा गीत गाउन १५ जनाभन्दा बढी कलाकार आवश्य पर्ने भएकाले सोहीअनुसार समूह बनाउनुपर्ने जानकारी दिए । बेलायतमा रहेका स्थानीय दुत गर्बुजाले २० वटा मादल उपलब्ध गराएपछि नयाँ पुस्ताले विद्यालयमा फुर्सदको समय सदुपयोग गरी पुख्यौंली नाच सिक्दै आएका छन् । पुख्यौंली समूहमा युवायुवतीको खाँचो भइरहेको समयमा विद्यालयका विद्यार्थी पुख्यौंलीमा आकर्षित भएपछि यसलाई जगेर्ना गर्दै पुस्तान्तरण हुनेमा आशा पलाएको उनले बताए ।

ग्रामीण भेगमा मेलापर्व, विवाह, क्षवरलगायत धार्मिक, सांस्कृतिकदेखि सार्वजनिक कार्यक्रममा अतिथिको स्वागतमा समेत पुख्यौंली नाच प्रदर्शन गर्ने परम्परा रहिआएको अग्रज कलाकार पुनमगरले बताए । नाचमा चोली, गुन्यू, पटुका, घल्याङ, पछ्यौरा, माला, हातमा रैयाँले सिँगारिएर पुरुष मारुनी बन्छन् भने सोही अनुपातमा शिरमा फेटा/टोपी, भोटो, खादी, भाङ्ग्रा पहिरिएर कम्मरमा मादल भिरेर मादले बन्ने गर्छन् ।

# प्रतिनिधिसभाको पहिलो अधिवेशन : दलीय सम्बोधन

**काठमाडौं ।** गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि पहिलो अधिवेशन प्रारम्भ भएको छ । बिहीबार सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद भवनको बहुउद्देश्यीय कक्षमा प्रतिनिधिसभा बैठक सुरु भएको हो ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाह, मन्त्रिपरिषदका सदस्य, पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई, नेपाली कांग्रेस तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का शीर्ष नेतालगायत नवनिर्वाचित सांसद सहभागी भएका हुन् ।

नेपालको संविधान बमोजिम राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार (चैत १६ गते) मन्त्रिपरिषदको सिफारिसमा बिहीबारका लागि संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेका थिए । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाबाट १८२, नेपाली कांग्रेसबाट ३८, एमालेबाट २५, नेपाली कम्युनिस्ट पार्टी नेकपाबाट १७, श्रम संस्कृति पार्टीबाट ७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट ५ सहित स्वतन्त्रबाट एक सांसद निर्वाचित भएका छन् । यही बैठकमा तीन अध्यादेश पेस हुने सम्भावित कार्यसूची रहेको छ । गृहमन्त्री सुधन गुरुङले ‘मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश २०८२’, ‘प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२’ र ‘नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश २०८२’ पेस गर्ने भएका छन् ।

सभाका ज्येष्ठ सदस्य/सभामुख अर्जुननरसिंह केसीले राष्ट्रपतिबाट प्राप्त अधिवशेन आह्वानसम्बन्धी पत्र तथा राष्ट्रपतिको कार्यालयबाट प्राप्त प्रधानमन्त्री पदमा नियुक्ति तथा मन्त्रिपरिषद गठनसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउने भएका छन् । बैठकमा सभामुखले नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधिसभाले आफ्नो नियमावली नबनाएसम्मका लागि प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम काम कारबाही गर्ने प्रस्ताव स्वीकृतिका लागि प्रस्तुत गर्ने कार्यसूची तय भएको संघीय संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिए ।

सभामुखले सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न सदस्यहरूको मनोनय गर्ने सम्भावित कार्यसूचीमा उल्लेख छ । बैठकमा अधिवेशन प्रारम्भका अवसरमा दलीय आधारमा सदस्यहरूले आ–आफ्नो मन्तव्य राख्ने कार्यसूची तय भएको छ । सभामुखले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ७ बमोजिम प्रतिनिधिसभाको सभामुख पदको निर्वाचनका लागि दिन तोक्ने भएका छन् ।

# अमेरिकी परियोजना निराशावादी धारणा यथार्थमा आधारित छैन : आङदेम्बे

**काठमाडौं ।** नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले विगतका सरकारले ‘केही गरेनन् र केही पनि भएन’ भन्ने निराशावादी धारणा यथार्थमा आधारित नभएको तर्क गरेका छन् ।

बिहीबार प्रतिनिधिसभाको पहिलो बैठकलाई सम्बोधन गर्दै नेता आङ्देम्बेले राजनीतिक अस्थिरता र कमजोर शासनशैलीका कारण निराशा बढेको उल्लेख गर्दै भविष्यमा यस्तो अवस्था आउन नदिन सहमति, सहकार्य र सुशासन आवश्यक रहेको बताए । विगत ३५ वर्षमा द्वन्द्व, भूकम्प तथा कोभिड–१९ महामारीजस्ता चुनौतीका बाबजुद देशमा पूर्वाधार, विद्युत, सञ्चार, स्वास्थ्य र वित्तीय क्षेत्रमा प्रगति भइरहेको धारणा व्यक्त गर्दै उनले ‘केही पनि भएन’ भन्ने गलत भाष्य प्रचारमा ल्याइए पनि यथार्थमा मुलुकमा विकासका कार्यहरू अघि बढिरहेको दावी गरे ।

विभिन्न लोकतान्त्रिक आन्दोलनदेखि पछिल्लो ‘जेन–जी’ प्रदर्शनसम्ममा ज्यान गुमाउका सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनले अब देशमा पुनः हिंसा दोहोरिन नदिन सबै राजनीतिक शक्ति एकजुट हुनुपर्नेमा जोड दिए । २०४६ को जनआन्दोलन, दस वर्षे सशस्त्र विद्रोह, २०६२/०६३ को जनआन्दोलन, मधेस आन्दोलनलगायतका संघर्ष स्मरण गर्दै नेता आङ्देम्बेले फरक विचार भए पनि सबै एउटै राष्ट्रिय लक्ष्यमा केन्द्रित हुनुपर्ने धारणा व्यक्त गरे ।

संसदीय लोकतान्त्रिक प्रणालीलाई नेपालको साझा मार्गका रूपमा व्याख्या गर्दै विपी कोइरालाले प्रस्ताव गरेको यो प्रणालीप्रति सबै राजनीतिक शक्ति पुनः प्रतिबद्ध भएको उनको दावी थियो । कांग्रेसले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताए । संसदको पहिलो दलका रूपमा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रधानमन्त्री बनेका वालेन्द्र शाह नेतृत्वको सरकारलाई बधाइ तथा सफल कार्यकालको शुभकामना दिँदै उनले गत भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन गर्न सरकारसँग माग गरे ।

भदौ २४ को घटनामा संसद भवन र सिंहदरबारमा भएको क्षतिको यथार्थ सार्वजनिक गर्न सरकारसँग माग राख्दै उनले त्यसका दोषीलाई कारबाही हुनुपर्नेमा जोड दिए । राष्ट्र निर्माणको यात्रामा विभिन्न कालखण्डमा भएका आन्दोलन र त्यागको स्मरण गर्दै उनले विगतमा ‘केही पनि भएन’ भन्ने गलत भाष्यलाई चिर्न नसक्दा मुलुकले अकल्पनीय क्षति बेहोर्नु परेको बताए । बितेका ३५ वर्षमा केही भएन भन्ने भाष्यलाई चिर्न आवश्यक रहेको नेता आङ्देम्बेले बताए ।

मुलुकको राजनीतिक इतिहास सम्झँदै अब हिंसात्मक संघर्षको पुनरावृत्ति नहोस् भन्ने संकल्प गर्नुपर्ने उनको भनाइ थियो । उनले आगामी दिनमा फेरि कसैले कहिल्यै रगत बगाउन नपरोस् भन्ने साझा प्रतिबद्धता गर्न पनि आग्रह गरेका हुन् । ‘हामी एकै थलोमा भएर पनि भिन्नभिन्न आस्था र विचार बोकेर यहाँ छौं तर भिन्न रहे पनि एउटै नौकामा छौं । डुबे सबै सँगै डुबछौं, उठे सबै सँगै उठ्छौं, दल भिन्न होला, देश एउटै हो । त्यसैले आज इमानको पसिना बगाउने संकल्प गरौं, अनि संकल्प गरौं, अब फेरि कसैले कहिल्यै रगत बगाउन नपरोस्’ उनले भने ।

# विचारलाई पनि पार्टीको ‘टिकट’ चाहिने अवस्था देखियो : खुश्बु

**काठमाडौं ।** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सांसद खुश्बु ओलीले प्रतिनिधि सभामा सांसदहरूले देखाउने समर्थन र ऐक्यबद्धता केवल दलीय घेरामा सीमित भएको अनुभव पोखेकी छिन् । बिहीबार प्रतिनिधि सभाको पहिलो बैठकको अनुभव सुनाउँदै ओलीले सांसदहरूले उठाएका राम्रो कुराको समर्थनमा बजाइने ‘टेबुल ढ्याप–ढ्याप’ पनि कोटाअनुसार बाँडिएको जस्तो देखिएको गुनासो गरेकी हुन् ।

सदनमा विचारको ओजन र गहिराइभन्दा पनि कुन बेन्चबाट आवाज आएको हो भन्ने आधारमा प्रतिक्रिया जनाउने प्रवृत्ति देखिएको सांसद ओलीको बुझाइ रह्यो । ‘आफ्नो पक्षले बोले उत्साह देखिने, तर अर्को पक्षले जतिसुकै सार्थक विषय उठाए पनि मौनता साँध्ने विडम्बना देखियो’ सांसद ओलीले भनिन् ‘यदि समर्थन पनि दलगत स्वीकृतिपछि मात्र दिने हो भने अब त सही विचारलाई पनि पार्टीको ‘टिकट’ चाहिने अवस्था आयो ।’

‘यो त लोकतन्त्र होइन’ उनले थपिन् ‘यो त सोचमाथि लगाइएको अदृश्य सेन्सरशिप हो ।’ सदनको पहिलो बैठकमा सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फबाट गम्भीर विषयहरू उठेको स्मरण गराउँदै उनले विचारको मूल्य त्यसको प्रभावले निर्धारण हुनुपर्नेमा जोड दिइन् । अहिले सदनमा नीति र दृष्टिकोणको बहस हुनुको साटो केवल ‘ताली बजाउने अधिकारको राजनीति’ भइरहेको सांसद ओलीले बताइन् । ‘अब समय आएको छ टेबुल मात्र होइन, हाम्रो सोच पनि ठोक्किनु पर्छ, जाग्नुपर्छ’ ओलीले थपिन् ‘अन्ततः इतिहासले हाम्रो आवाज होइन, हाम्रो इमानदारी र परिपक्वतालाई मापन गर्नेछ ।’ उनले इतिहासमा कति पटक टेबुल ढ्याप–ढ्याप गर्‍यौं भन्दा पनि कति पटक सही कुराको साथ दियौं भन्ने लेखिने बताइन् ।

# अभिनेतृ निशाको प्रश्न : विद्यार्थीलाई युनिफर्ममै ‘आन्दोलन’ मा आउन कसले प्रोत्साहन गर्‍यो ?

**काठमाडौं ।** अभिनेत्री तथा गतिशील लोकतान्त्रिक पार्टीकी नेतृ निशा अधिकारी मल्लले गत भदौ २३ र २४ को ‘जेन–जी’ आन्दोलनका क्रममा भएका घटनातर्फ लक्षित गर्दै शान्तिपूर्ण प्रदर्शनको नाममा अबोध बालबालिकालाई मानवीय ढाल ‘ह्युमन शिल्ड’को रूपमा प्रयोग गरिनु गम्भीर अपराध भएको टिप्पणी गरेकी छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै उनले ‘जेन–जी’ आन्दोलनका योजनाकारहरूमाथि प्रश्न उठाउँदै स्कुले पोसाकमै विद्यार्थीलाई सडकमा उतार्न कसले प्रात्साहन गर्‍यो भनी जिज्ञासा राखेकी हुन् ।

‘सुरक्षा निकायलाई धोका दिने गरी निर्दोष र शान्तिपूर्ण प्रदर्शन भन्दै मार्केटिङ गरियो, तर भित्री रूपमा बालबालिकालाई सुरक्षा घेराको रूपमा प्रयोग गरियो’ निशाले लेखेकी छन् । अरुका छोराछोरीलाई विद्यालयको पोसाकमा आन्दोलनमा लैजाने अधिकार कसैलाई नभएको भन्दै उनले यसले सुरक्षा निकाय र सर्वसाधारणमा समेत भ्रम पैदा गरेको उल्लेख गरेकी छन् ।

र्‍याली साँच्चिकै शान्तिपूर्ण थियो र प्रहरीसँग भिड्ने मनस्थिति थिएन भने विद्यार्थीलाई किन ढाल बनाइयो भन्ने उनको मुख्य प्रश्न रहेको छ ।

राज्य पक्षबाट भएको दमनलाई जघन्य अपराधको संज्ञा दिँदै अभिनेतृ निशाले दोषीमाथि कारबाही हुनुपर्ने माग राखेकी छिन् ।

कारबाहीको प्रक्रिया पहिलो दिनका योजनाकारदेखि लिएर २४ गतेका अराजक तत्वहरूसम्म पुग्नुपर्नेमा जोड दिँदै उनले वर्तमान सरकारले जतिसुकै राम्रो काम गरे पनि यो घटनामा न्याय अधुरो रहेमा यस्ता अराजक फर्मुलाहरू पुनः प्रयोग हुनसक्ने चेतावनी दिएकी छिन् ।

उनले मुलुकको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस यस्तो गम्भीर विषयमा मौन रहेको भन्दै आलोचना समेत गरेकी छिन् । उनले सत्यको पक्षमा बोल्दा गाली गर्नेहरूलाई अन्यायको विरुद्ध पनि आवाज उठाउने आँट गर्न चुनौति दिएकी छिन् ।

अभिनेतृ निशाले लेखेकी छिन् : ‘स्कुलका विद्यार्थीलाई स्कुल युनिफर्ममा आउन प्रोत्साहन कसले गर्‍यो ? किन गर्‍यो ? ह्युमन शिल्ड किन चाहियो ? यो कुराले दुइटा कुरा बिगार्‍यो ।

१) सुरक्षा निकायलाई धोका भयो । ‘इनोसेन्ट, पीसफुल प्रोटेस्ट हुन्छ’ भनेर मार्केटिङ गरियो । नागरिकहरूमा पनि भ्रम पैदा भयो । अरूको छोरा–छोरीलाई स्कुल युनिफर्ममा आन्दोलनमा लिएर जाने अधिकार कसले दियो ?

२) पीसफुल प्रोटेस्टलाई ह्युमन शिल्ड किन चाहियो ? यदि पुलिस फोर्ससँग आक्रामक रूपमा भिड्ने मनस्थिति छैन र यो साँच्चिकै पीसफुल र्‍याली हो भने स्कुल युनिफर्म किन चाहियो ?

त्यसपछि राज्यले जे गर्‍यो त्यो त जघन्य अपराध गर्‍यो । कारबाही हुनुपर्छ । कारबाही पहिलो दिनका योजनाकारहरूदेखि सुरु हुनुपर्छ । २४ गतेका सबै अराजक तत्वहरूलाई पनि हुनुपर्छ ।

अहिलेको सरकारले जति राम्रो काम गरे पनि, यो न्याय अधुरो हुन दियो भने यो अराजक फर्मुला फेरि प्रयोग हुँदैन भन्न सकिँदैन । कार्की आयोगको प्रतिवेदन र एनएचआरसीको प्रतिवेदन अनुसार काम होस् । विपक्ष कहाँ छ हाम्रो देशमा ? नेपाली कांग्रेस के हेरेर बसिरहेको छ ?

जुन मानिसलाई डर छैन, त्यही मानिसले अन्ततः सत्य–तथ्य बाहिर आओस् भनेर आवाज उठाउँछ । निर्दोष मानिसले न्याय माग्दा गाली गर्ने हिम्मत राख्नेहरूले, अन्यायको विरुद्ध आवाज उठाउने आँट पनि गर्नुपर्ला ।’

# किरातीले छाडे बाबुराम–जनार्दन

**काठमाडौं ।** प्रगतिशील लोकतन्त्र पार्टी (प्रलोपा) का अध्यक्ष परिषद् सदस्य तथा पूर्वमन्त्री सुदन किरातीले पदबाट राजीनामा दिएका छन् ।

किरातीले बुधबार बसेको अध्यक्ष परिषदको बैठकमा जिम्मेवारीबाट राजीनामा पत्र बुझाएका हुन् । पार्टी स्रोतका अनुसार किरातीले राजीनामा दिएको बताइए पनि स्वीकृत भने भइसकेको छैन ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीसहितका दलहरूसँग एकता गरेपछि उनले पार्टी छाडेर प्रलोपामा प्रवेश गरेका थिए ।

# अमेरिकी सेनाका प्रमुखसहित दुई जनरल पदमुक्त

**एजेन्सी ।** अमेरिकी रक्षामन्त्री पिट हेगसेथले इरानसँगको जारी द्वन्द्वका बिच अमेरिकी सेनाका उच्च अधिकारीहरूलाई पदमुक्त गराएका छन् । उने अमेरिकी सेनाका प्रमुख च्यान्डी जर्जलाई बिहीबार तत्काल अवकाश लिन निर्देशन दिएका हुन् ।

यससँगै अन्य दुई वरिष्ठ जनरलहरू च्याप्लिन प्रमुख मेजर जनरल विलियम ग्रीन जुनियर र आर्मी ट्रान्सफर्मेसन तथा तालिम कमान्डरका प्रमुख डेभिड होड्नेलाई पनि पदमुक्त गरिएको छ । यस्तो निर्णय अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान युद्धबारे राष्ट्रलाई सम्बोधन गरेको एक दिनपछि आएको हो । उक्त सम्बोधनमाा ट्रम्पले इरानमाथि आक्रमण अझ तीव्र बनाउने संकेत दिएका थिए ।

पेन्टागनका प्रमुख प्रवक्ता सीन पार्नेलले सामाजिक सञ्जालमार्फत जर्जको तत्काल अवकाश पुष्टि गर्दै उनको दीर्घकालीन सेवाप्रति आभार व्यक्त गरेका छन् । सेनाभित्रका वरिष्ठ अधिकारीहरू यो निर्णयबाट अचम्ममा परेको स्रोतले उल्लेख गरेको छ । जर्जलाई पदमुक्त गरिएको जानकारी उनलाई बैठककै क्रममा फोनमार्फत दिइएको थियो । सेना प्रमुखका रूपमा जर्जले ड्यान ड्रिस्कोलसँग नजिकबाट काम गर्दै आएका थिए । ड्रिस्कोल ह्वाइट हाउस नजिकका अधिकारी मानिन्छन् ।  हेगसेथसँग उनको सम्बन्ध कहिले काहीँ तनावपूर्ण रहेको सुन्नमा आएको थियो ।

अमेरिकी रक्षा मन्त्री पिट हेगसेथले इरानसँगको द्वन्द्वका बिच अमेरिकी सेनाका प्रमुख च्यान्डी जर्जसहित दुई वरिष्ठ जनरललाई पदबाट हटाएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि आक्रमण तीव्र पार्ने संकेत दएको भोलिपल्टै पेन्टागनबाट यो निर्णय सार्वजनिक गरिएको हो । अचानक गरिएको यो निर्णयले अमेरिकी सैन्य नेतृत्वमा अस्थिरता र रणनीतिक प्रभाव पर्ने विश्लेषण हुन थालेको छ ।

# रास्वपा समर्थकद्वारा ज्यान मार्ने धम्की, ब्युरो पुगे साम्पाङ

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) समर्थक एक युवतीले ज्यान मार्ने र घर जलाउने धम्की दिएको भन्दै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले साइबर ब्युरोमा उजुरी हालेका छन् ।

सोमबार साइबर ब्युरोमा लिखित उजुरी दिएका अध्यक्ष राईलाई सुनिता खड्का नामको टिकटक आईडीबाट ज्यान मार्ने र घर जलाउने धम्की आएको उनले उल्लेख गरेका छन् ।

'मलगायत मेरो घरपरिवारलाई समेत ज्यान मार्ने धम्की दिनुका साथै घर जलाउने धम्की दिई आमसञ्चार माध्यम र टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जालमा अपशब्द प्रयोगका साथै गालीगलौज गरी समाजमा भ्रम फैलाएको हुँदा प्रचलित कानुन बमोजिम हदैसम्मको कारबाही गरिपाऊँ'- साम्पाङले ब्युरोमा दिएको उजुरीमा उल्लेख छ ।

# प्रचण्ड बने संसदीय दलको नेता

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' संसदीय दलको नेता चयन भएका छन् । नेकपाको आइतबार सेको संसदीय दलको बैठकले दाहाललाई संसदीय दलको नेता चयन गरेको हो । उनी सर्वसम्मत रूपमा दलको नेता चयन भएको एक सांसदले जानकारी दिए । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभाको निर्वाचनबाट १७ सिट मात्रै विजयी पाउन सकेको नेकपाले वर्तमान सरकारलाई रचनात्मक रूपमा सहयोग गर्ने निष्कर्ष निकालेको छ ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेता महेन्द्रबहादुर शाहीले सरकारलाई सहयोग गर्ने तर गलत बाटोमा गएमा सचेत गराउने जानकारी दिए । 'अहिले सरकारलाई पूर्ण सहयोग गर्छौं । असहयोग गर्ने हाम्रो नीति छैन' शाहीको भनाइ थियो 'तर सरकार गलत दिशामा जानु हुँदैन, हामी रचनात्मक रूपमा साथ दिन्छौं ।' शाहीले पूर्वप्रधानमन्त्रीहरूको सम्पत्ति छानबिन गर्ने विषयमा पनि पार्टीले सहयोग गर्ने बताए । उनले राज्य सञ्चालन कुनै आग्रह वा पूर्वाग्रहबाट नभई निष्पक्ष रूपमा हुनुपर्नेमा जोड दिए ।

# पाँच दलले चुने दलनेता, कांग्रेसभित्र झगडा

**काठमाडौं ।** प्रतिनिधिसभामा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सहित चार  दलले संसदीय दलको नेता चयन गरिसकेको र श्रम संस्कृतिले अध्यक्ष हर्कराज राई (साम्पाङ) दल नेता हुने निश्चि भइसक्दा समेत अन्तरकलहका कारण नेपाली कांग्रेसले संसदीय दलको नेता टुंगो लगाउन सकेको छैन ।

बिहीबारदेखि सुरु हुने संसदमा दल नेता र सचेतकको महत्वपूर्ण भूमिका हुने भउकाले वरिष्ठ नेता र सांसदहरूको दाबी रहने गरेको हो । रास्वपाले वरिष्ठ नेता वालेन्द्र शाह संसदीय दलको नेता बनेका छन् । बिहीबारदेखि हिउँदे संसदको हिउँदे अधिवेशन सुरु भएको छ । शक्ति सन्तुलनको सिद्धान्तबमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा हुने संवैधानिक परिषदमा प्रमुख प्रतिपक्ष दलको नेता समेत सदस्य रहने संवैधानिक व्यवस्था रहेको छ ।

६ सदस्यीय परिषदमा अन्य सदस्यका रूपमा सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीश र प्रतिनिधिसभाका उपसभामुख रहने व्यवस्था छ । तत्कालीन सभापति शेरबहादुर देउवा समूहबाट तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीमा समानान्तर गतिविधि सञ्चालन गर्दै आएका छन् । नेता शेखर कोइराला र उनी पक्षीय नेताहरू अहिले पनि सोही समूहमा देखिएका छन् । विशेष महाधिवेशनबाट आएको केन्द्रीय कार्यसमितिको अस्तित्व पुरानो संस्थापन पक्षले स्वीकार नगर्दा कांग्रेसभित्र द्वन्द्व बढेको स्रोतले बतायो । यही कारण संसदीय दलको नेता चयन प्रक्रिया प्रभावित भएको कांग्रेस नेताहरूको बुझाइ छ ।

महामन्त्री गुरुराज घिमिरे भने पार्टीका अन्य सांगठनिक कामको व्यस्तताका कारण दलको नेता चयनमा केही ढिलाइ भएको बताउँछन् । उनले दलको नेता चयन प्रक्रिया अघि बढाउन आगामी शनिबार पार्टी केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको जानकारी दिए । संसदको पहिलो बैठकमा नेकपाबाट सांसद वर्षमान पुन, एमालेबाट रामबहादुर थापा बादल, श्रम संस्कृतिबाट हर्क साम्पाङ र राप्रपाबाट ज्ञानेन्द्र शाहीले र म्याग्दीबाट स्वतन्त्र निर्वाचित सांसद महावीर पुनले बोल्ने भएका छन् । प्रधानमन्त्री वालेन्द्र शाह बैठकमा जाने भए पनि सम्बोधन गर्ने कार्यक्रम भने छैन ।

# काठमाडौंका पूर्व प्रमुख जिल्ला अधिकारी रिजाल पक्राउ

**काठमाडौं ।** काठमाडौंका पूर्व प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल बानेश्वरस्थित निवासबाट पक्राउ परेका छन् । उनलाई मंगलबार बिहान पक्राउ गरिएको काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका प्रमुख ईश्वर कार्कीले पुष्टि गरेका हुन् ।

'उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले नियन्त्रणमा लिएको छ' प्रमुख कार्कीले भने । भदौ २३ र २४ मा भएको 'जेन-जी' आन्दोलनबारे प्रतिवेदन कार्यान्यिन गर्ने क्रममा उनलाई पक्राउ गरिएको बुझिएको छ । यसअघि पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएको थियो । तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र महानिरीक्षक राजु अर्याल, तत्कालीन राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा र काठमााडौंका तत्कालीन सीडीओ छविलाल रिजालविरुद्ध मुलुकी अपराध संहिताको दफा १८२ अनुसार फौजदारी कसुरमा कारबाही सिफारिस गरिएको थियो ।

उक्त दफामा 'हेलचेक्र्याइँपूर्ण कुनै काम गरी कसैको ज्यान मार्न नहुने' र यदि त्यसो हुन गएमा ३ वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुनसक्ने भनिएको छ । मन्त्रिपरिषद बैठकले सुरक्षाकर्मीका हकमा बेग्लै अध्ययन समिति गठन गरेर त्यसको सिफारिसअनुसार गर्ने निर्णय गरेको थियो ।

# शिक्षामन्त्री पोखरेलको निर्णय एक दिनमै गायब ?

**काठमाडौं ।** प्रवेश परीक्षा तयारी कक्षा 'इन्ट्रान्स' र ब्रिजकोर्स बन्द गर्ने सरकारको निर्णय मन्त्रालयको वेभसाइटबाट गायब भएको छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले आइतबार विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहका इन्ट्रान्स र ब्रिजकोर्स बन्द गर्ने भन्दै विज्ञप्ति प्रकाशन गरेपछि क्षणभरमै उक्त निर्णय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा फैलिएको थियो । शिक्षामन्त्री सस्मित पोखरेलले उपयुक्त निर्णय लिएको भनेर प्रशंसा हुँदै थियो । मन्त्री पोखरेलले नै कक्षा १२ सम्म मात्रै इन्ट्रान्स र ब्रिजकोर्समा रोक लगाउने निर्णय गरेको भन्दै अर्को सूचना सार्वजनिक गरेपछि मन्त्रीको निर्णयमा विरोधाभास देखिएको भन्दै आलोचना सुरु भएको छ । मन्त्रालयका प्रवक्ता तथा सहसचिव शिवकुमार सापकोटाले प्रेस विज्ञप्ति जारी गरेर विभिन्न तहमा भर्ना लक्षित प्रवेश परीक्षा तयारी कक्षा र ब्रिज कोर्स बन्द गर्ने निर्णय भएको जनाएका थिए । मन्त्रीस्तरीय निर्णय गर्दै २०८३ वैशाख १ गतेदेखि यस्तो कक्षा पूर्ण रूपमा बन्द गर्ने निर्णय भएको मन्त्रालयको विज्ञप्तिको व्यहोरा छ ।

प्रवेश परीक्षाका तयारी कक्षा र ब्रिज कोर्सको नाममा विभिन्न संस्थाहरूले सञ्चालन गर्दै आएका कार्यक्रम बन्द गरिएको विज्ञप्तिमा उल्लेख छ । यस्ता कार्यक्रम सञ्चालन भए अनुगमन गरी प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई अनुरोध गरिने मन्त्रालयले जनाएको छ । 'विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्ना प्रक्रिया प्रारम्भ हुनुभन्दा हुनुभन्दा अगाडि भर्नालाई लक्षित गरी विभिन्न संस्थाहरूले प्रवेश परीक्षा तयारी कक्षा एवं ब्रिज कोर्सको नाममा कार्यक्रम सञ्चालन गर्दै आएको पाइएको छ' विज्ञप्तिमा उल्लेख गरिएको छ 'यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझ समेत पर्न जाने देखिन्छ ।'

# लेखक पक्राउविरुद्ध प्रदर्शन नगर्ने, देउवा पक्षको छुट्टै विज्ञप्ति

**काठमाडौं ।** नेपाली कांग्रेसले पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउविरुद्ध कुनै प्रदर्शन नगर्ने बताएको छ । कांग्रेस नेताहरूले आफ्नो दल आन्दोलनमा नरहेको बताएका हुन् ।

नेपाली कांग्रेसले गत भदौ २३ र २४ गतेका घटनाका दोषीमाथि गरिने कारबाही उत्तेजना र आवेगमा आएर नभई कानुनी प्रक्रिया बमोजिम हुनुपर्नेमा जोड दिएको छ । कांग्रेसले सरकारको पछिल्लो निर्णय र कारबाहीको शैलीलाई 'सेलेक्टिभ' र पूर्वाग्रही भन्दै यसले विधिको शासन कमजोर बनाउन सक्ने चेतावनी दिएको छ ।

कांग्रेस प्रवक्ता देवराज चालिसेद्वारा शनिबार जारी प्रेस विज्ञप्तिमा कांग्रेसले भदौ २३ र २४ दुवै दिनका घटनाको निष्पक्ष, कानुनसम्मत र पूर्वाग्रहरहित छानविनको माग प्रारम्भदेखि नै गर्दै आएको उल्लेख गरिएको छ । सोही विज्ञप्तिमा भदौ २५ गते नै उच्चस्तरीय आयोग गठनको माग गरेको र भदौ २७ गते बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले पनि दोषी देखिएकालाई कारबाहीको दायरामा ल्याउन आग्रह गरिएको छ ।

कांग्रेसले हालै सम्पन्न बैठकबाट पनि गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन अविलम्ब सार्वजनिक गर्न सरकारसँग माग गरेको थियो ।

सञ्चार माध्यमबाट बाहिरिएको प्रतिवेदनबारे आएका प्रतिक्रिया हेर्दा आयोगले भदौ २३ का घटनालाई विस्तृत रूपमा हेरेको तर २४ का घटनालाई नजरअन्दाज गरेको देखिएको भन्दै कांग्रेसले यसलाई विधिको शासनविपरित र त्रुटिपूर्ण बताएको छ । प्रतिवेदन एकपक्षीय र अपूर्ण रहेको तथा सर्वोच्च अदालतले कार्कीको निष्पक्षतामा उठाएको प्रश्नलाई समेत सो प्रतिवेदनले बल पुऱ्याउने कांग्रेसको ठहर छ । तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले प्रतिवेदन अध्ययन गरी संसदमा अभिलेख राखी सार्वजनिक गर्ने निर्णय गरेकोमा चैत्र १३ गतेको मन्त्रिपरिषद बैठकले भने सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी अन्यमा तत्काल कार्यान्वयन गर्ने निर्णय गर्नु र हतारमा पक्राउ गर्नुलाई कांग्रेसले गलत भनेको छ । यसले सरकारको व्यवहार 'सेलेक्टिभ' देखिएको र कानुनका स्थापित विधि पालना नभएको कांग्रेसको आरोप छ । सरकारले न्याय निरूपण गर्नु भन्दा घटनामा थप राजनीति गर्न खोजेको देखिने कांग्रेसको भनाइ छ ।

पछिल्लो सरकार गठन भएको २४ घन्टा नबित्दै सरकारले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेपछि कांग्रेसको त्यस्तो धारणा आएको हो । पूर्वप्रधानमन्त्री ओलीलाई गत शनिबार बिहान भक्तपुरको गुण्डुबाट र लेखकलाई कटुञ्जेस्थित निवासबाट प्रहरीले पक्राउ गरेको थियो । भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनमा तीन प्रहरीसहित ७६ जनाको ज्यान गएको घटनामा जिम्मेवार ठहर गर्दै जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखकलाई ज्यान मुद्धामा अनुसन्धान गर्न सिफारिस गरेको थियो ।

पक्राउपछि नेपाल प्रहरीले २ नं गण महाराजगन्जको हिरासतमा राखिएको पूर्वगृहमन्त्री लेखकलाई काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएको छ ।

# ओली पक्राउको विपक्षमा उभिइन् पूर्वराष्ट्रपति भण्डारी

**काठमाडौं ।** पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी नेपाल कम्युनिस्ट पार्टी ( एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकको गिरफ्तारी विरुद्ध उभिएकी छन् ।

भण्डारीले गत शनिबार एक विज्ञप्ति जारी गर्दै 'लोकतान्त्रिक मूल्य, मान्यता तथा संवैधानिक मर्यादाको सम्मान गर्दै उक्त निर्णयलाई पुनर्विचार गरी फिर्ता लिनु उपयुक्त हुन्छ' भन्ने सुझाव दिएकी हुन् । 'सुशासनलाई मुख्य एजेन्डा बनाएर गठन भएको वर्तमान सरकारबाट यस्तो अपरिपक्व कदम चालिनु अत्यन्त दुःखद विषय हो' पूर्व राष्ट्रपति भण्डारीद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ 'लोकतान्त्रिक मूल्य, मान्यता तथा संवैधानिक मर्यादाको सम्मान गर्दै उक्त निर्णयलाई पुनर्विचार गरी फिर्ता लिनु उपयुक्त हुन्छ ।'

'सुशासनलाई मुख्य एजेन्डा बनाएर गठन भएको वर्तमान सरकारबाट यस्तो अपरिपक्व कदम चालिनु अत्यन्त दुःखद् विषय हो,' भण्डारीद्वारा जारी विज्ञप्तीमा भनिएको छ, 'लोकतान्त्रिक मूल्य, मान्यता तथा संवैधानिक मर्यादाको सम्मान गर्दै उक्त निर्णयलाई पुनर्विचार गरी फिर्ता लिनु उपयुक्त हुन्छ ।' सुशीला कार्की नेतृत्वको अन्तरिम चुनावी सरकारद्वारा गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरिएको 'भाद्र २३ र २४ गतेको घटना सम्बन्धी जाँचबुझ आयोग २०८२' को प्रतिवेदन स्वयंमा पूर्ण नभएको उल्लेख गर्दै विज्ञप्तिमा त्यसैको आधारमा तत्कालीन प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली तथा पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिनु अत्यन्तै संवेदनशील र दूरगामी प्रभाव पार्ने विषय भएको उल्लेख छ ।

'यस प्रकारको अपरिपक्व निर्णय वर्तमान संविधान, प्रचलित कानुन तथा स्थापित लोकतान्त्रिक अभ्यासहरूसँग मेल नखाने देखिन्छास' विज्ञप्तिमा भनिएको छ 'कुनै पनि जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्दा विधिसम्मत प्रक्रिया, पर्याप्त अध्ययन तथा संस्थागत परामर्श आवश्यक हुन्छ ।' सरकारलाई संयमता अपनाउँदै विधि र प्रक्रियाअनुसार अघि बढ्न तथा मुलुकको स्थायित्व र लोकतान्त्रिक प्रणालीको संरक्षणतर्फ गम्भीर हुन उनले विज्ञप्तिमार्फत आग्रह गरेकी छन् ।

# ओलीपत्नी शाक्यद्वारा बन्दीप्रत्यक्षीकरण निवदेन

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीकी श्रीमती राधिका शाक्यले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गराएकी छिन् ।

शाक्यले आइतबार ओलीलाई गैरकानुनी रूपमा थुनामा राखेको जिकिर गर्दै बन्दी प्रत्यक्षीकरणको निवेदन दिएको र दर्ता हुँदै सोमबार पेसी तोकिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिए ।

उनले अदालतबाट पक्राउ अनुमति समेत नलिएको र जरुरी पक्राउ पुर्जी जारी गरिएको कार्य असंवैधानिक भएको जिकिर गरेकी छिन् ।

शाक्यले प्रधानमन्त्री भइसकेका ओली भाग्ने वा प्रमाण नष्ट गर्ने जस्तै कुनै काम नगर्ने अवस्थामा पनि अनुसन्धान नै सुरु नभएको अभियोगमा पक्राउ गरिएकाले रिहा हुनुपर्ने जिकिर गरेकी छिन् ।

## संसदमा बादलको...

लागि भएको थियो' भन्दै सरकारसँग जवाफ माग गरे । कुन उद्देश्यका लागि सिंहदरबार, राष्ट्रपति निवास, संसद भवन, सर्वोच्चसहितका अदालत र देशभरका सरकारी तथा निजी भवन तथा सम्पत्ति जलाइएको हो, सोको कारण खोज्नुपर्नेमा बादलले जोड दिए । भदौ २३ र २४ मा असंवैधानिक ढंगबाट रास्वपाको अघोषित नेतृत्वमा रंगक्रान्ति सफलतापूर्वक सम्पन्न भएको र फागुन २१ को आमनिर्वाचनमार्फत 'नीलो क्रान्ति' लाई वैधानिकता प्रदान गरिएको विश्लेषण एमाले नेता बादलले संसदमा सुनाए । 'यो अभूतपूर्व विजयमा आन्तरिक रूपमा को-कसको निर्णायक भूमिका रह्यो ? तथ्यहरूले के स्पष्ट गर्दछन् भने मुख्यतः नेपाली सेना, ब्युरोक्रेसी, सुशीला सरकार, कार्की आयोग, बारबरा फाउन्डेसन एनजीओ आदि संस्था तथा पात्रहरूको यो विजयमा निर्णायक भूमिका रह्यो,' भन्दै उनले व्यंग्यात्मक रूपमा थपे- 'त्यसैले ती संस्था तथा पात्रहरूलाई पनि म नेकपा एमालेको तर्फबाट धेरै-धेरै बधाई भन्न चाहन्छु ।'

रास्वपाको 'जादुमय विजय' का लागि बाह्य दृष्टिले क-कसले निर्णायक भूमिका निर्वाह गरे भन्दै बादलले फेहरिस्त पेस गरे- 'अदृश्य शक्तिहरू, टीओबी, एआई, अल्गोरिदम, गोयबल्सहरू जसले राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, संघीयता, शान्ति र समृद्धिका नायकहरूलाई खलनायक र हत्याराका रूपमा स्थापित गरे, जसले देश जलाउने र आफ्नो राष्ट्रिय पहिचान मेटाउने खलपात्रहरूलाई महानायक बनाए, ती संस्था र पात्रहरूले नै बाह्य रूपमा यो जादुमय विजयका निम्ति निर्णायक भूमिका खेले ।' थप व्यंग्य गर्दै बादलले भने- 'त्यसैले यस ऐतिहासिक क्षणमा म ती सबै पात्रहरूलाई पनि नेकपा एमालेको तर्फबाट धेरै-धेरै बधाई भन्न चाहन्छु ।'

कुन उद्देश्य प्राप्तिका लागि सिंहदरबार, शीतल निवास, बालुवाटार, सर्वोच्च अदालत, राजनीतिक नेतृत्व र निजी निवासहरू, प्रहरी चौकी, व्यावसायिक प्रतिष्ठानहरू सुनियोजित ढंगबाट जलाइयो भन्ने तथ्य समयक्रममा पुष्टि हुने बताएका बादलले कुन उद्देश्य प्राप्तिका लागि, कसले ती अबोध विद्यार्थीहरूलाई निषेधित क्षेत्र तोड्न उक्साएका थिए र कुन उद्देश्य प्राप्तिका लागि गैरकानुनी ढंगबाट पूर्वप्रधानमन्त्री तथा पूर्वगृहमन्त्रीहरूलाई गिरफ्तार गरियो भन्दै प्रश्न गरे । रास्वपाको अभूतपूर्व विजयले पराजित पक्षलाई पनि गम्भीर शिक्षा दिएको बताउँदै उनले भने- 'यसले आफ्ना कमीकमजोरीहरूलाई सच्याउने अवसर दिएको छ । यो पराजय फगत अस्थायी हो । पराजित सेनाले छिट्टै सिक्दछ, त्यसले पराजयलाई छिट्टै विजयमा बदल्न सक्दछ ।'

अदृश्य शक्तिहरू, टीओबी, अल्गोरिदम, मिडिया ट्रायलबाट रास्वपाले चामत्कारिक विजय प्राप्त गरेको चर्चा गर्दै त्यसमा 'दृश्य-अदृश्य र तिलस्मी शक्ति' को भूमिका रहेको आरोप लगाउँदै बादलले भने- 'हतियारबद्ध टीओबीहरू २३ र २४ भदौमा तिलस्मी रूपमा प्रकट भए ।' बादलले यी शब्द व्यक्त गरिरहँदा गृहमन्त्री सुधन गुरुङले भने आफू बसेकै ठाउँबाट आक्रोशित हाउभाउ प्रदर्शन गर्दै धारेहात देखाए ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद भीष्मराज आङ्देम्बेले भदौ २३ र २४ गते दुवै दिनका घटनालाई एक-एक गरी केलाउनु जरुरी रहेको भन्दै सदनमार्फत ध्यानाकर्षण गराए । 'कसैले २३ गतेको घटना देख्ने २४ को नदेख्ने, कसैले २४ को ध्वंस देख्ने २३ को दमन नदेख्ने ! यो प्रवृत्ति एकदम गलत छ' संसदको सो बैठकलाई सम्बोधन गर्दै आङ्देम्बेले भने, 'हुँदाहुँदा सरकारले बनाएको जाँचबुझ आयोगले समेत २३ गतेको घटनाको अनुसन्धान गर्‍यो, कारबाहीको सिफारिस गर्‍यो, तर २४ को घटनाको अनुसन्धान गर्न भ्याइएन भन्यो । यो कस्तो तरिका हो ? पटक-पटक समय थप्ने, तर समय पुगेन भन्ने यो कर्म जाँचबुझ आयोगमा रहेका व्यक्तिहरूबाट नियतवश भएको होइन भनेर भन्न मिल्ने देखिन्न ।'

कांग्रेस सांसद आङ्देम्बेले सरकारलाई गौरीबहादुर कार्की नेतृत्वको छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गर्न पनि माग गरे । 'नयाँ प्रधानमन्त्रीज्यूलाई म ध्यानाकर्षण गराउन चाहन्छु- जाँचबुझ आयोगको प्रतिवेदन स्वयं सरकारले सार्वजनिक गर्ने कि सरकारले पनि गोरखापत्रमा पढ्ने' उनको प्रश्न थियो । 'म आग्रह गर्न चाहन्छु, सरकारले सुझबुझपूर्ण ढंगले कानुन र प्रक्रियाको मर्यादा राखेर आफूलाई प्रस्तुत गरोस्' सांसद आङ्देम्बेको सुझाव थियो । 'जेन-जी' आन्दोलनका क्रममा संसद भवन, सिंहदरबारलगायतका भौतिक संरचना जलाइएको बारे पनि उनले सरकारलाई प्रश्न गरे- 'किन खरानी भयो संसद भवन ? किन जल्यो सिंहदरबार ? किन ध्वस्त बनाइए अनेकौं भौतिक संरचना ? म सभामुख महोदयमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।'

'२३ र २४ दुवै दिनका घटनालाई एक-एक केलाउन जरुरी छ' घटनाका दोषी उम्किन नहुने र निर्दोष फस्न नहुने मान्यतामा कांग्रेस प्रष्ट रहेको बताउँदै उनले भने 'कांग्रेस दोषी कोही उम्किनुहुन्न, निर्दोष कोही फस्नुहुन्न भन्ने मान्यता विगतदेखि नै बोक्दै आएको छ । यो मान्यतामा हामी आज पनि प्रस्ट र दृढ छौं ।' आङ्देम्बेले बीपी कोइरालाले नेतृत्व गरेर प्रारम्भ भएको कांग्रेस सवर्णशमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरीजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवा हुँदै विशेष महाधिवेशनबाट गगन थापालाई सभापति बनाएर बदलिएको समय र समाजअनुरूपको कांग्रेस रूपान्तरणमा लागेको समेत बताए ।

संसदको पहिलो बैठकमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का तर्फबाट संसदीय दल नेता एवं पार्टीका संयोजक पुष्पकमल दाहालले बोलेनन् । नेकपाका तर्फबाट पहिलो बैठकमा सम्बोधन गर्दै सांसद वर्षामान पुनले संविधान संशोधनका नाममा लोकतन्त्र, गणतन्त्र र समावेशिताका विषयमा कुनै सम्झौता हुन नसक्ने स्पष्ट पारे/ । '२०६४ मा तत्कालीन माओवादीले झन्डै यस्तै-यस्तै जनमत प्राप्त गरेको थियो । २०७४ मा पनि हामीले पार्टी एकता गर्दा झन्डै-झन्डै दुईतिहाइ थियो । त्यसलाई हामीले सदुपयोग गर्न जानेनौं, सकेनौं' सांसद पुनले भने 'हाम्रा यस्ता कमीबाट यहाँहरूले शिक्षा लिएर देश र पार्टीलाई अगाडि लैजाने कुरा गर्नुहोस् ।'

उनले नवयुवाहरूले भदौ २३ र २४ गते उठाएको प्रश्नलाई स्वीकार्ने बताए । यस प्रकारको शासन-सुशासन, विकास र गतिले पुगेन भनेर त्यो सडकमै विद्रोह भएको उनको भनाइ थियो । 'त्यसलाई हामी स्वीकार गरेर निर्वाचनमा गयौं, निर्वाचनबाट जनमत आएको छ' भन्दै उनले यो जनमतलाई हामी सबैले स्वीकार गरेको दावी समेत गरे ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पहिलो पटक भाग लिएको श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (हर्क साम्पाङ) ले संसदको पहिलो बैठकलाई सम्बोधन गर्दै 'जेन-जी' आन्दोलन र आगजनीको उच्चस्तरीय छानबिन हुनुपर्नेमा जोड दिए । 'जेनजी आन्दोलनका नाममा विद्यालय पोशाकमै बालबालिकालाई सडकमा उतार्ने, शान्तिपूर्ण आन्दोलनलाई भड्काएर हिंसात्मक बनाउने र भदौ २३ तथा २४ गते सिंहदरबार र संसद भवन लगायत देशका सर्वोच्च निकाय जलाउने कृत्यको छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्छ' सदनमा साम्पाङले माग गरे ।

सम्बोधनकै क्रममा अमेरिकासँग गरिएको एमसीसीको सम्झौता खारेज गरिनुपर्ने माग सरकारसँग गरेका अध्यक्ष साम्पाङले भूराजनीतिक सन्तुलन मिलाएर हिँड्न सरकारलाई आग्रह गरे । 'स्वाधीनता, भूराजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीतिमा सरकारले ध्यान दिनुपर्छ, सँगै सैन्य रणनीति उद्देश्यसाथ सुरु गरिएको व्यापारिक सम्झौता एमसीसी खारेजी गरिनुपर्छ' उनले भने ।

त्यसपछि बैठकमा शुभकामना मन्तव्य दिने समय पाएका राष्ट्रिय प्रजातन्त्र पार्टी ज्ञानबहादुर शाही र स्वतन्त्र सांसद महावीर पुनले भदौ २३ र २४ को घटनाबारे कुनै खासै विषय उठाएनन् । जनताप्रति उत्तरदायी बन्न, विधिको शासनको पालना गर्न, बहुमतको अहंकार नगर्न सरकारलाई सचेत गराउँदै शाहीले भने 'बहुमत क्षणिक हुन्छ । केही दिनको न्यानो मात्रै हो, स्थायी सत्य होइन बहुमत । तर दुर्भाव्यवश त्यो (केपी शर्मा ओली नेतृत्वको) सरकारले जनताको आवाज सुनेन, परिणामस्वरूप सरकार मात्रै ढलेन, देश नै अशान्तिको ज्वालामा होमियो ।'

'भौतिक संरचनाहरू दिनदहाडै जले । सिंहदरबार, संसद भवनसम्म आगलागीको चपेटामा पर्‍यो । हामी बाध्य भएर एउटा बैठक कक्षलाई संसद भवन मानेर कार्य सञ्चालन गरिरहेका छौं' उनले भने 'यो अहिलेको सरकारलाई हेक्का रहोस् ।'

पुनल आफू पक्ष-विपक्षीभन्दा माथि निष्पक्ष रहने दावी गर्दै आफू सबैसँग नमिल्ने बताए । उनले अमेरिकामा पढेर फर्किएदेखि 'जेन-जी' आन्दोलन र मन्त्री हुँदासम्मको अनुभव सुनाए । सिट संख्याको आधारमा निर्धारण गरिएको समयानुसार शुभकामना मन्तव्य दिने क्रममा दलका नेताहरूबाट व्यक्त भएका गम्भीर आशंका र प्रश्नप्रति लक्षित गर्दै निर्वाचनपछि संसदको पहिलो दल सत्तासिन राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)का सभापति एवं सांसद रवि लामिछानेले शुभकामना मन्तव्यका क्रममा 'जेन-जी' आन्दोलनबारे खासै केही भन्ने चासो देखाएनन् । व्यङ्ग्यात्मक रूपमा थोरै बोलेका उनले 'जेन-जी' आन्दोलनका क्रममा ज्यान गुमाएका सहिदकी आमालाई न्याय दिनुपर्ने बताए ।

बिहीबारको पहिलो बैठकलाई सम्बोधन गर्दै लामिछानेले भने 'हिजो आफ्नालाई बचाउन र विपक्षीलाई फसाउन कानुनमै संशोधन गरिएका, अध्यादेश ल्याइएका जस्ता गलत क्रियाकलापहरू अब यथाशीघ्र सच्चाइने कुरा म जानकारी गराउन चाहन्छु । न्याय पाउने पहिलो हक सहदिकी आमाको हो, त्यसलाई प्रतिशोध भन्न पाइने छैन ।' संसदको पहिलो बैठक सुरु हुने बित्तिकै 'जेन-जी' आन्दोलनका क्रममा प्रधानमन्त्री रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र गृहमन्त्री रहेका कांग्रेस नेता रमेश लेखकको पक्राउबारे आपत्ति प्रकट भएको थिए । त्यसैको जवाफ फर्काएको शैलीमा लामिछानेको सो अभिव्यक्ति आएको देखिन्छ ।

उनले नयाँ पुस्ता र अनुहार संसदको शोभा मात्रै नभएर पुरातन कार्यशैली बदल्ने संकल्प भएको दावी गर्दै भने 'हामी दिन गनेर होइन, सेकेन्ड गनेर काम गर्न चाहन्छौं । अब कामले बोल्नेछ । कामबाट बोल्न सुरु गरिसकेका छौं ।' सरकारका प्राथमिकता, योजना र विकास प्रधानमन्त्रीले आवश्यक परे बोलेर र आवश्यक नभए नबोलेरै कामबाट प्रस्तुत गर्ने लामिछानेको दलिल थियो । 'प्रतिपक्षको आवाज बन्द गर्नका लागि सांसदको माइकको लाइन काटिँदैन' भन्दै उनले 'सरकार नयाँ नीति, कानुन, मापदण्ड र मान्यताका आधारमा स्वच्छ र प्रतिस्पर्धात्मक नियुक्ति प्रक्रिया लागू गर्न चाहन्छ' भने । उनले आफूलाई प्रश्न सोध्न मात्रै नभएर उत्तर दिन पनि आउने बताए ।

संसदको सत्ता पक्ष र प्रतिपक्षको सिट व्यवस्थापन गर्दा विपक्षी कित्तामा नेकपा अध्यक्ष दाहाल र एमाले संसदीय दलका नेता रामबहादुर थापालाई एकै ठाउँमा पारिए पनि उनीहरूबीच खासै बाचचित भएको देखिएन ।

## प्रधानमन्त्री बने...

राखेका युवा जमातलाई प्रधानमन्त्रीमा नियुक्त भएपछि आफैंले सो भरोसालाई परिणाममा प्रदर्शन गर्ने गहन जिम्मेवारी पूरा गर्ने अवसर प्राप्त भएको छ

संविधानसभाको दोस्रो निर्वाचनपछि नै उनले 'म नेपाल हाँसेको हेर्न चाहन्छु' गीत सार्वजनिक गर्दै देशप्रतिको आफ्नो चिन्ता व्यक्त गरेका थिए । 'जेन-जी' आन्दोलनमा समर्थन जनाएका शाहको काँधमा यतिबेला सो आन्दोलनको कार्यादेश पूरा गर्नुपर्ने मौका जुरेको छ । नयाँ पुस्ताको बेचैनी र विद्रोहलाई सम्बोधन गर्दै परिवर्तनको चाहनालाई पूरा गराउने कार्य निकै चुनौतिपूर्ण देखिन्छ ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित बालेन्द्रको पुख्यौंली गाउँ एकडारा गाउँपालिका-१ का स्थानीयले गत शुक्रबार उत्सव मनाएका छन् । शाह देशकै प्रमुख कार्यकारी पद (प्रधानमन्त्री) मा नियुक्त भएपछि जिल्लामै खुसीयाली मनाइएको उक्त गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले बताए । राष्ट्रपति पौडेलले शाहलाई प्रधानमन्त्रीमा नियुक्त गरेसँगै एकडाराबासीले एक-आपसमा रङ, अबिर, फूलमाला लगाएर अँगालो मारेर बधाई तथा शुभकामना आदान-प्रदान गर्नुका साथै घरघरमा दीपावली गरेर खुशीयाली मनाएको वडाध्यक्ष मण्डलले बताए ।

**मन्त्रिपरिषदमा को–को ?**

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन्द्र'को नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद गठन भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले गत शुक्रबार नवनियुक्त प्रधानमन्त्रीको उपस्थितिमा राष्ट्रपतिको कार्यालयमा आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

प्रधानमन्त्री बालेन्द्रको सरकारमा डा स्वर्णिम वाग्ले अर्थमन्त्री, सुधन गुरूङ गृहमन्त्री, शिशिर खनाल परराष्ट्रमन्त्री, सुनील लम्साल भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री, विराजभक्त श्रेष्ठ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीमा शपथ लिएका छन् ।

यस्तै खड्गराज पौडेल संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री, निशा मेहता स्वास्थ्य तथा जनसंख्या एवं खानेपानीमन्त्री, डा विक्रम तिमिल्सिना सञ्चार तथा सूचना प्रविधिमन्त्री, प्रतिभा रावल सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री, सोविता गौतम कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, गीता चौधरी कृषि तथा पशुपक्षी एवं वन तथा वातावारणमन्त्री, डा दीपक साह श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री र सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको शपथ लिएका थिए ।

यसैगरी, रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी भने हाल प्रधानमन्त्री शाहले आफैं राखेका छन् । राष्ट्रपति पौडेलले शुक्रबार बिहान शाहलाई नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गराएका थिए ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, निवर्तमान प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित रहेको थियो । पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषदका पूर्वअध्यक्ष, संवैधानिक निकायका प्रमुख, सरकारका विशिष्ठ श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुख, यहाँस्थित विभिन्न कूटनीतिक नियोगका पदाधिकारीलगायत समारोहमा उपस्थिति रहेको थियो ।

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं !

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं,

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं